नेपाल सरकार
गृह मन्त्रालय


# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/१०/११ गते।

### प्रेस विज्ञप्ती- ५३

### "कर्तब्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ"

प्रतिवादी सीता लामिछानेले मिति २०७०।०८।०७ गते अं. ०९:०० बजे शिशु जन्माई जिल्ला चितवन पिठुवा गा.बि.स. वडा नं. ७, माधवपुर स्थित धानखेतको कुलोमा वेवारिसे फालेको अवस्थामा नवजात शिशुको मृतक शव फेला परेको भन्ने कर्तब्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतले अवैध गर्भबाट सन्तान जन्मेपछी स्याहारसुसार गर्नुको सट्टा अरुले देख्ने थाहा पाउने डरले अरु रगत फोहोर सरह फाल्नुपर्ने वस्तु सरह कपडाले बेरी बाल्टीनमा हाली घर नजिकैको कुलोमा फालेको कार्यबाट शिशुको मृत्यू भएको सीताको कार्य अपराधपूर्ण छ । Homicide by Omission पनि Homicide नै हो भन्दै साविक मुलुकी ऐन ज्यान सम्बन्धि महलको १३(३) बमोजिम सम्मानित पुनरावेदन अदालत हेटौडाबाट सर्वस्वसहित जन्मकैदको फैसला मिलेकै भएपनि प्रतिवादीलाई चर्को पर्ने हुदा साविक अदालती बन्दोबस्तको १८८ नंवर बमोजिम **५ बर्ष कैद हुने** ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/१०/१० गते कलंकी, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि मिति २०७९।१०।११ गते सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **नाम:** | सीता लामिछाने |
| **उमेर:** | २७ बर्ष |
| **ठेगाना:** | जिल्ला गोरखा, साविक नामजुङ गा.बि.स. वडा नं. ८ हाल जिल्ला गोरखा, शहिदलखन गा.पा. वडा नं.९ स्थायी वतन भई जिल्ला काठमाडौं का.म.पा. १४ कलंकी बस्ने |
| **मुद्दा:** | कर्तब्य ज्यान |
| **सजाय:** | ५ बर्ष कैद |
| **फैसला मिति:** | २०७२/११/२० गते |
| **फैसला गर्ने** | सर्वोच्च अदालत |
| **पक्राउ मिति:** | २०७९/१०/१० गते |
| **पक्राउ स्थान:** | कलंकी, काठमाडौं |



उप निर्देशक
(संजय सिंह थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर: ९८५१२८११५८
मिति २०७९/१०/११ गते ।